# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
प्रदेश नं. ३

प.सं. ०७४/७५
च.नं. ८३५३

## BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

मिति :- २०७५/०२/२१

**विषय : वडा स्तरिय योजना छनौट सम्बन्धि मार्ग दर्शन पठाइएको सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै,
भरतपुर महानगरपालिका, चितवन ।

यस भरतपुर महानगरपालिकाको आ.व. ०७५/०७६ को वजेट तथा कार्यक्रम तयारीका लागि वडाले आफ्नो आवश्यकताको आधारमा निम्न अनुसार विषयलाई ध्यान दिई योजना छनौट गरेर अयोजनाहरुको प्राथामिकिकरण गरी विषय क्षेत्रगत रुपमा छुट्याई यसै साथ अनुसूचिमा विवरण समावेश गरी वडा भेला सम्पन्न भएको मितिले ३ तिन दिन भित्र योजना शाखामा पठाई दिनुहुन अनुरोध छ ।

(क) **योजना छनौट गर्दा ध्यान दिनुपर्ने विषयहरु :**

१. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।
२. उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
३. जनताको जीवन स्तर, आम्दानी र रोजगारी बढ्ने ।
४. स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
५. स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने ।
६. महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
७. लैङ्गिक समनाता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
८. दिगो विकास,वातावरण संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुग्ने ।
९. भाषिक तथा साँस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुग्ने ।

ख) वडा स्तरिय योजना छनौट गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको सहभागिता गराउनु पर्नेछ ।

ग) पूर्वाधार विकासमा योजना छनौट गर्दा १० लाख भन्दा कम लागतको योजना छनौट नगर्ने ।

घ) वडामा योजना छनौटको भेला कार्यक्रम गर्दा रु.१२ हजारमा नबढ्ने गरी खर्च गर्न सकिने छ ।

**नोट :** योजना छनौट गरी पठाउनको लागि पाना ७ (सात) थान यसै साथ संलग्न राखि पठाइएको छ ।

२०७५/२/२१
नेत्रप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

अनुसूची ३

(दिग्दर्शनको दफा ५.२.४ संग सम्वन्धित)

आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

(क) आयोजना प्राथमिकीकरणका आधारहरु

१.गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-२० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने -१० अंक

(ग) तटस्थ-५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

(क) चालु आ.व.मानै सम्पन्न हुने-१५ अंक

(ख) आगामी आ.व. मा सम्पन्न हुने-१० अंक

(ग) अन्य-५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-१५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-७.५ अंक

(ग) तटस्थ-०

४.लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०% वा सो भन्दा बढी लागत सहभागिता हुने-१५ अंक

(ख) २०% देखि ५०% सम्म लागत सहभागिता हुने-१० अंक

(ग) २०% सम्म लागत सहभागिता हुने-५ अंक

(घ) लागत सहभागिता नहुने-०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने-१० अंक

(ख) आयोजनालाई आवश्यक पर्ने ५०%-सम्म श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने-७.५ अंक

(ग) अन्य-५ अंक

Scanned by CamScanner

६. समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-५ अंक

(ग) तटस्थ-०

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-५ अंक

(ग) तटस्थ-०

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-३ अंक

(ग) तटस्थ-०

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन

Scanned by CamScanner

## (ख) आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम

| क्र.सं. | आयोजनाको नाम | १. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने (२० अंक) | २. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अंक) | ३. आम्दानी र रोजगार बढ्ने (१५अंक) | ४.लागत सहभागिता जुट्ने (१५ अंक) | ५. स्थानीय श्रोत साधन र सीपको प्रयोग (१०अंक) | ६. समावेशी विकासमा योगदान (१० अंक) | ७. दीगो विकास र वातावरणीय संरक्षण (१० अंक) | ८. स्थानीय भाषिक, सांस्कृतिक विकास (५ अंक) | कुल प्राप्ताङ्क (१००) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |

**नोटः** आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सवैभन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ ।

Scanned by CamScanner

| क्र.स.. | अंक भार | प्राथमिकता नं. |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

नोटः यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने । रकम उपलब्ध भएसम्म प्राथमिकता २ र ३ स्वीकृत गर्न सक्नेछ ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
२०७३

Scanned by CamScanner

**५.१.३ विषयगत क्षेत्र छुट्याउनेः-**

गाउँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ ।

(क) **आर्थिक विकासः** यस क्षेत्र अन्तर्गत कृषि , पर्यटन, उद्योग तथा वाणिज्य , सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने ।

(ख) **सामाजिक विकासः** शिक्षा , स्वास्थ्य, खानेपानी तथा सरसफाई , संस्कृति प्रवद्र्धन , लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला , बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम,थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

(ग) **पूर्वाधार विकासः** सडक तथा पुल (झोलङ्गे पुल समेत) , सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

(घ) **वन, वातावरण तथा विपद् ब्यबस्थापनः** वन तथा भू–संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन , जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन , वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

(ङ) **सुशासन तथा संस्थागत विकासः** मानव संसाधन विकास , संस्थागत क्षमता विकास , राजस्व परिचालन , वित्तीय व्यवस्थापन , वित्तीय जोखिम न्यूनीकरण , सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण , बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिद्युतीय सूचना प्रविधिको प्रयोग , नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

Scanned by CamScanner

## अनुसूची ४

(दिग्दर्शनको दफा ५.४ संग सम्बन्धित)

## ..................गाउँपालिका/नगरपालिका

वडा नं.......

आयोजनाको प्राथमिकिकरण सूची, २०.....

(क) निर्धारित वडागत बजेट सीमा भित्रका आयोजनाको लागि

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति सँग सम्वन्धित |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| सामाजिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| पूर्वाधार विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| वातावरण तथा विपद् व्यवस्थापन समिति | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |

Scanned by CamScanner

| सुशासन तथा सस्थागत विकास | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

(ख) गाउँपालिका वा नगरपालिका स्तरीय (गाउँ नगर गौरवका आयोजना, वहुवर्षीय आयोजनाहरु र दुई वा सो भन्दा वढी वडामा पर्ने आयोजनाहरु)

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति सँग सम्वन्धित |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

नोटः क्रमागत आयोजनाहरुको प्राथमिकीकरण सूची आवश्यक पर्ने छैन ।

Scanned by CamScanner